भेरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १३ फागुन ०१, २०७६

## भाग-२

भेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालयको
सूचना

प्रचलित भेरी नगरपालिकाको केही नियमावली, कार्यविधि तथा निर्देशिकामा संशोधन गर्न बान्छनिय भएकोले भेरी नगर कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशन भएपछि लागु हुने गरी देहायका नियमावली, कार्यविधि तथा निर्देशिकामा देहाय बमोजिम संशोधन गरेको छ ।

१. **जलश्रोत नियमावली, २०७५ मा,**
   भेरी नगरपालिकाको जलश्रोत नियमावली, २०७५ को नियम ८ को (३) मा उपभोक्ता संस्था दर्ता नविकरण सम्बन्धि व्यवस्थामामा उपनियम (१) बमोजिम दर्ता भएका उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला संस्था भएकोले नवीकरण गर्नुपर्ने छैन भनी उल्लेख भएकोमा कुनै उपभोक्ता समिति नविकरण गर्न ईच्छुक भएमा यस उपनियमले बाधा पर्ने छैन । तोकिए बमोजिमको शुल्क

दस्तुर लिई नवीकरण गर्न सकिने छ भन्ने बाक्यांश थप गर्ने ।

२. **स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ मा,**

स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को बुँदा नं. ५ को (१) मा उभोक्ता समितिका सदस्यहरूको योग्यता तोकिएको र (२) मा बुँदा नं. (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाईने छैन भन्ने बाक्यांशमा संशोधन गरी निर्माण व्यवसायी इजाजत पत्र लिएका व्यवसायी, एवं गैर सरकारी संस्थाहरूमा काम गर्ने कर्मचारी उपभोक्ता समितिमा बस्न पाईने छैन साथै सेवा निवृत्त भई निवृत्तिभरण पाउने कर्मचारीका हकमा उपभोक्ता समितिको प्रमुख पदमा (अध्यक्ष, सचिव र कोषाध्यक्ष) मा पाईने छैन भन्ने बाक्यांश थप गर्ने ।

३. **भेरी नगरपालिकाको कृषि कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ मा,**

भेरी नगरपालिकाको कृषि कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को परिच्छेद ४ को बुँदा नं. ९ को (२) (III) मा निम्न बाक्यांश थप गर्ने:

- भकारो सुधार कार्यक्रम संचालनको लागी व्यक्ति/व्यक्तिगत फर्म/कृषक समूह बढीमा १० हजार सम्म उपलब्ध गराउन सकिने छ ।
- उक्त कार्यक्रम संचालनको लागि कार्यालयबाट प्राप्त अनुदान रकम बराबर व्यक्ति/व्यक्तिगत फर्म/कृषक समूहले व्यहार्नु पर्नेछ ।

४. **पदाधिकारीहरूको सेवा सुविधा सम्बन्धि निर्देशिका, २०७५ मा,**

पदाधिकारीहरूको सेवा सुविधा सम्बन्धि निर्देशिका, २०७५ को बुँदा नं. ७ को ख मा वडा समितिका सदस्यहरूले मुद्दाको मेलमिलाप गराए वापत प्रति मुद्दा एकमुष्ट रूपमा १५००।- एक हजार पाँच सयका दरले भत्ता पाउनेछन् भन्ने प्रावधान भएकोमा सूचीकृत मेलमिलापकर्तालाई समेत मेलमिलाप भएको खण्डमा १५००।- एक हजार पाँच सय र मेलमिलाप हुन नसकेमा सोको आधा रकम पाउने छन् भन्ने प्रावधान थप्ने ।

आज्ञाले,
दलबहादुर घर्ती
निमित्त प्रमुख प्रशासकीय अधिकृत